माण्डवी गाउँपालिका, प्यूठानको आ.व २०८२/०८३ को

# तेश्रो  चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम प्रतिवेदन

माण्डवी गाउँपालिका
प्यूठान जिल्ला
लुम्बिनी प्रदेश

मिति २०८३ भदौ १८ गते

**१.पृष्ठभुमिः** सार्वजनिक पद र अधिकार धारण गरेका कर्तव्यपालक र सेवाग्राहीबीच सार्वजनिक रूपमा हुने प्रत्यक्ष अन्तरक्रिया सार्वजनिक सुनुवाइ हो। सरोकारवाला सर्वसाधारण नागरिक र स्थानीय निकायका पदाधिकारीहरु बीच सार्वजनिक चासोको विषयमा सार्वजनिक स्थलमा खुला छलफल गरी पारदर्शिता, जवाफदेहिता, प्रवद्र्धन गरी सुशासनको प्रत्याभुति गर्न सार्वजनिक सुनुवाईले अहंम भूमिका खेल्दछ। स्थानीय निकाय र नागरिकहरुका बीचमा दोहोरो सम्वाद स्थापित गर्न र त्यस्तो सम्वादबाट जनतालाई देश विकासको प्रक्रियामा रचनात्मक प्रतिनिधित्व गराई पारदर्शिताको माध्यमद्वारा स्थानीय निकायको विकास निर्माण कार्य र सेवाप्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनाई जिम्मेवारीको संस्कार बसाउने कार्य सार्वजनिक सुनुवाईले गर्दछ। नियमित र खुला अन्तरक्रियाका माध्यमबाट सेवाग्राहीलाई सन्तुष्टि प्रदान गरी विश्वासको वातावरण कायम गर्नु यसको उद्देश्य हो। स्थानीय निकायवाट संचालित विकास कार्यक्रम, उपलब्ध सेवा, वस्तु र सुविधा सार्वजनिक गरी त्यस्ता विषयका सम्वन्धमा सार्वजनिक थलोमा सेवाग्राही नागरिकले उठाएका प्रश्न, जिज्ञासाहरुमा स्पष्टता ल्याउने र नागरिकबाट मूल्याङ्कन गराउने तथा नागरिकबाट प्राप्त रचनात्मक सुझावलाई ग्रहण गर्न तथा जिम्मेवारीबोधको संस्कार बसाउन तथा सेवा प्रवाहमा थप सुधार ल्याउनका लागि सार्वजनिक सुनुवाई गरिन्छ।

सूचनाको हकसम्बन्धी ऐन तथा सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐनले पनि सेवाप्रति सेवाग्राहीको सुझाब तथा सुनुवाइलाई जोड दिएका छन्। स्थानिय सरकारले प्रत्येक चौमासिकमा सार्वजनिक सुनुवाई गर्नुपर्दछ। यसबाट सेवाग्राहीका गुनासा सेवा–प्रदायकले सुनी पुनः नदोहोर्याउने प्रतिबद्धता व्यक्त गर्छन्। सुचनाको हक सम्वन्धी ऐन तथा सार्वजनिक निकायमा सार्वजनिक सुनुवाई सम्वन्धि कार्यविधि २०६७ तथा स्थानीय सरकार सचालन ऐन २०७४ मा भएका ब्यवस्था अनुसार सेवा प्रदायक निकायले आफुले गरेका कामकारवाहीको विषयमा सरोकारवाल निकायविच अन्तरक्रिया गरी पारदर्शिता प्रवर्दन, आन्तरिक सुशासन कायम र सहभागितामुलक कार्य पद्दति अवलम्वन गर्न महत्वपूर्ण भुमिका खेल्छ।

माण्डवी गाउँपालिकाद्धारा आ.ब २०८२।०८३ को तेश्रो चौमासिकसम्ममा सम्पन्न गरेका कार्यहरु ,गाउँपालिकाबाट गरिएको सेवा प्रवाह, संचालन भएका बिकास निर्माण कार्यहरु तथा गुनासाहरुका साथै आगामी दिनहरुमा सुधार गर्नका लागि चाल्नुपर्ने कदमहरुका बारेमा जानकारी लिने महत्वपुर्ण कार्यका लागि सार्वजनिक सुनुवाई कार्यक्रम राखिएको हो।

**२.कार्यक्रमको उद्देश्यः**

यस कार्यक्रमको उदेश्य माण्डवी गाउँपालिकाको आ.व. २०८२/०८३ तेश्रो चौमासिकसम्मको प्रगतिको समिक्षा तथा हालसम्मको खर्च सार्वजनिकीकरण गर्दै जनताको चासो, जिज्ञासा, गुनासोको सम्बोधन तथा प्राप्त सुझावहरु ग्रहण गर्नु हो। कार्यक्रमका थप उदेश्य तपसिल अनुसार छ।

१. कार्यालयबाट संचालित विकास कार्यक्रम उपलब्ध सेवा, वस्तु र सुविधा बारे सार्वाजनिक गर्नु।
२. गाउँपालिकाबाट सम्पादन भएका काम तथा सेवाप्रति सेवाग्राही नागरिकले उठाएका प्रश्नहरुमा स्पष्टता ल्याउने र नागरिकबाट प्राप्त रचनात्मक सुझावलाई ग्रहण गरी हाकाहाकी छलफल गर्ने प्रश्नोत्तर गराउने।
३. सेवा प्रदायक र नागरिक बिच प्रत्यक्ष आफ्ना कुराहरु राखी विकास निर्माण, सेवा प्रवाहलाई प्रभावकारी बनाउन र यस कार्यमा नागरिकको सहकार्य र साझेदारीको वातावरण बनाउने।
४. सुशासन ऐन तथा नियमावलीमा व्यवस्था भए बमोजिम सूचनाको हकको प्रत्याभूति गराउने।
५. स्थानीय तहका निर्वाचित प्रतिनिधि तथा विषयगत शाखा प्रमुखहरुलाई नागरिकहरु प्रति जवाफदेहि बनाउने।
६. सार्वजनिक सेवा तथा विकास निर्माणका कार्यहरुमा नागरिकहरुको सहभागीता बृद्धि गर्न

## माण्डवी गाउँपालिकाको परिचय

- **अवस्थिति:** नेपाल सरकारको निर्णयाअनुसार मिति २०७३/११/२२ गते साविकका गाविसहरु तिराम (१–४), मर्काबाङ, नयाँगाउँ, रम्दी र उदयपुरकोट गाविसहरु समेटेर माण्डवी गाउँपालिका घोषणा गरीएको थियो । यस गाउँपालिकाको उत्तरमा स्वर्गद्धारी र प्यूठान नगरपालिका पश्चिमतर्फ दाङ जिल्ला, दक्षिणमा सरुमारानी गाउँपालिका र पूर्वमा ऐरावती र मल्लरानी गाउँपालिका रहेका छन् ।
- **क्षेत्रफ़ल:** ११३.०८ वर्ग.कि.मी.
- **जनसंख्या:** जम्मा जनसंख्या १५८६३ ,पुरुषको जनसंख्या: ७०३९ , महिलाको जनसंख्या: ८८२४ (श्रोत राष्ट्रिय जनगणना २०७८ ) ।
- **घर परिवार संख्या:** ३७९४ **जम्मा घरधुरी:** ३४६९
- **परिवारको औशत आकार:** ४.१८, **लैंगिक अनुपात:** ७९.७७ **वार्षिक जनसंख्या वृद्धिदर:** ०.५०
- **जनघनत्व:** १४०,
- **साक्षरता दर (प्रतिशतमा ):** ८१.५५
- **वडा संख्या:** ५
- **शैक्षिक संस्था संख्या:** मा.वि-५, आधारभूत तह: २१, निजि स्कुल-२, सामुदायिक सिकाई केन्द्र: २
- **स्वास्थ्य संस्थाहरु:** ५ वटा स्वास्थ्य चौकी र ३ वटा सामुदायिक स्वास्थ्य इकाई गरि जम्मा ८  वटा स्वास्थ्य संस्थाहरु रहेका छ

# आथिक वर्ष २०८२/०८३ अवधि : २०८२/०४/०१ -२०८३/०३/३२ सम्मको आय-व्यय विवरण

### संघिय सरकार (आय विवरण)

| क्र.सं. | श्रोत | अनुमानित आय | वास्तविक आय | आम्दानी प्रतिशत |
|---|---|---|---|---|
| १. | समानीकरण अनुदान | ७,७४,००,००० | ७,०७,८२,३००.०० | ९१.४५ |
| २. | शसर्त अनुदान चालु | १६,४८,००,००० | १४,६२,५०,६८८.३९ | ८८.७४ |
| ३. | शसर्त अनुदान पुँजीगत | १,७१,००,००० | १,६१,८७,९७४.०० | ९४.६७ |
| ४. | विशेष अनुदान पुँजीगत | ६९,००,००० | ३६,७०,०४२ | ५३.१९ |
| ५. | समपुरक अनुदान पुँजीगत | १,०५,००,००० | ३२,१०,९०९ | ३०.५८ |
| **जम्मा** | | **२७,६७,००,०००** | **२४,०१,०१,९१३.३९** | **८६.७७** |

### राजश्व बाडफाँड

| क्र.सं. | श्रोत | अनुमानित आय | वास्तविक आय | प्रतिशत |
|---|---|---|---|---|
| १. | संघिय सरकार | ७,८०,२२,५३२ | ७,६३,६०,३८८.४७ | ९७.८६ |
| २. | प्रदेश सरकार | ७७,७५,००० | ७९,११,४८१.०० | १०२.०२ |
| ३. | विज्ञापन कर | ३९,००० | ३९९३० | १०२.३८ |
| ४. | दहत्तर बहत्तर बिक्रि | २१,००,००० | २६,९८,००० | १२८.४७ |
| ५. | मनोरंजन कर | ३३,००० | ० | ० |
| जम्मा | | ८,७९,६९,५३२ | ९,५९,३७,२४४,६४ | १०९.०८ |

## आन्तरिक श्रोत

| क्र.सं. | श्रोत | अनुमानित आय | वास्तविक आय | प्रतिशत |
|---|---|---|---|---|
| १. | आन्तरिक राजश्व | ७८,३७,२०७ | ६६,५०,६५३.६२ | ८४.८५ |
| २. | बैंक मौज्दात | ३,७४,४५,९०० | १,९७,२७,३४४ | ५२.६८ |
| जम्मा | | ४,५२,८३,१०७ | २,६३,७७,९९७.९२ | ५८.२५ |

## व्यय तर्फ चालु र पुँजीगत खर्च विवरण (आ.व २०८२/०८३ अवधि : २०८२/०४/०१ -२०८३/०३/३२)

| सि.नं. | विवरण | विनियोजित बजेट रु. | खर्च रु | खर्च% |
|---|---|---|---|---|
| १. | चालु | ३१,३२,५२,६३९ | २५,३३,७१,१८९.५८ | ८०.८८ |
| २. | पुँजीगत | ११,८१,९५,००० | ८,३०,३१,१२०.४० | ७०.२५ |
| कुल जम्मा | | ४३,१४,४७,६३९ | ३३,६४,०२,३०९.९८ | ७७.९७ |

## २. क्षेत्रगत खर्च विवरण

| आ.व २०८२/०८३ अवधि : २०८२/०४/०१ -२०८३/०३/३२ | | | | |
|---|---|---|---|---|
| क्र.सं. | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) |
| १ | आर्थिक विकास | १,३२,००,००० | १,०७,५७,६२४.०२ | ८१.५ |
| २ | सामाजिक विकास | २५,४९,४३,९००.०० | २१,०६,१७,६७५.०६ | ८२.६१ |
| ३ | पूर्वाधार विकास | ५,६९,५०,०००.०० | ३,८२,८८,१२०.४० | ६७.२३ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | २,१३,७२,००० | १,०५,७०,३०९.१३ | ४९.४६ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ८,४९,८१,७३९.०० | ६,६१,६८५८०.४७ | ७७.८६ |
| कुल जम्मा | | ४३,१४,४७,६३९ | ३३,६४,०२,३०९.९८ | ७७.९७ |

## अन्तरिक राजश्व

### राजस्व शीर्षक अनुसार

| FY : २०८२/८३  अवधी :  २०८२/०४/०१-२०८३/०३/३२ | | | | |
|---|---|---|---|---|
| क्र.सं. | राजश्व कोड | राजश्व शिर्षक | रकम | कैफियत |
| १ | ११३१३ | सम्पती कर | २७,१५,४४२.०५ | |
| २ | ११३१४ | भुमिकर/मालपोत | ५९,३६५.४० | |
| ३ | ११३१७ | वहाल कर | ६,९१,७२६.२४ | |
| ४ | ११६३२ | अखेटोपहारमा लाग्ने कर | २,२७,८००.०० | |
| ५ | १४१५१ | सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | ३,८४,३०३.०० | |
| ६ | १४२१९ | अन्य सेवा शुल्क तथा बिक्री | १५,२००.०० | |
| ७ | १४२२१ | न्यायिक दस्तूर | ८००.०० | |

| | | | | |
|---|---|---|---|---|
| ८ | १४२२४ | परीक्षा शुल्क | ४१,३००.०० | |
| ९ | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | ५,३०,२३०.०० | |
| १० | १४२४२ | नक्सापास दस्तुर | २,४५,८५४.८३ | |
| ११ | १४२४३ | सिफारिश दस्तुर | ५,७२,७८०.०० | |
| १२ | १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | ६,२९,५५०.०० | |
| १३ | १४२४५ | नाता प्रमाणित दस्तुर | ६७,०५०.०० | |
| १४ | १४२४९ | अन्य दस्तुर | २,५३,१०१३.५० | |
| १५ | १४२५३ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | २,५०,५९०.०० | |
| १६ | १४२६५ | अन्य क्षेत्रको आय | १,६३,३२५.५३ | |
| १७ | १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | ४९,२०४.०० | |
| १८ | १४६११ | व्यवसाय कर | ३२,२१०.०० | |
| १९ | १५१११ | बेरूजू | २,९७,८१३.८२ | |
| २० | ३३३४३ | विज्ञापन कर | ६६,५५०.०० | |
| २१ | ३३३६६ | दहत्तर बहत्तर शुल्क | ४५,७९,५००.०० | |
| जम्मा | | | १,१८,७४,६०८.३७ | |

*राजस्व संकलन गर्ने कार्यालय अनुसार*

| FY : २०८२/८३ अवधी : २०८२/०४/०१-२०८३/०३/३२ | | | | |
|---|---|---|---|---|
| क्र.सं. | Code | Revenue Collection Office | Collection | कैफियत |
| १ | ८०५५५५०६३०० | माण्डवी गाउँपालिका, प्युठान | ८१,४८,८८६.१७ | |
| २ | ८०५५५५०६३०१ | माण्डवी गाउँपालिका,१ नं. वडा कार्यालय, प्युठान | ६,२४,०२६.२१ | |
| ३ | ८०५५५५०६३०२ | माण्डवी गाउँपालिका,२ नं. वडा कार्यालय, प्युठान | ५,६६,११४.६४ | |
| ४ | ८०५५५५०६३०३ | माण्डवी गाउँपालिका,३ नं. वडा कार्यालय, प्युठान | १२,६३,२८९.१० | |
| ५ | ८०५५५५०६३०४ | माण्डवी गाउँपालिका,४ नं. वडा कार्यालय, प्युठान | ४,६४,५५०.५५ | |
| ६ | ८०५५५५०६३०५ | माण्डवी गाउँपालिका,५ नं. वडा कार्यालय, प्युठान | ८,०७,७४१.७० | |
| जम्मा | | | १,१८,७४,६०८.३७ | |

## आ.व २०८२/८३ को तेश्रो चौमासिकसम्म  गाउँपालिका अन्तर्गतका विभिन्न शाखाबाट सम्पादन भएका मुख्य मुख्य कार्यहरुको विवरण

### कृषि तथा पशुपन्छी

१. कृषि यन्त्रीकरण सामग्री वितरण कार्यक्रमका लागि आवेदन पेश गरेका  सम्पूर्ण कृषि समुह, सहकारी र फर्महरुलाई ५०% लागत साझेदारीमा  ८७ वटा मिनिटिलर र ४१ वटा कम्बाइन मिल वितरण गरिएको।

२. माण्डवी गाउँपालिका वडा नाम. १ मा नयाँ सुन्तलाजातको  पकेट स्थापना गरिएको र उक्त क्षेत्रमा ६००० बेर्ना लगाईएको ।

३. माण्डवी गाउँपालिकामा रहेका जम्मा ३४६९ घरधुरी मध्ये ३००० घरधुरी किसान सूचीकरण कार्यक्रममा सुचिकृत भएको।

४. कृषिबालि शिविर कार्यक्रम अन्तर्गत वडा नं. ५ रम्दीबेशी, तिग्रामा  धानबालीमा शिविर सम्पन्न भएको ।

५. स्थानीय पुष्प खेति प्रवर्धन गर्ने उदेश्यले पुष्प खेति कार्यक्रमका लागि  माण्डवी- ३ , लामाचौर स्थित माण्डवी पुष्प तथा नर्सरी फर्मलाई अनुदान रकम प्रदान गरिएकोमा उक्त फर्मले  सयपत्री फुल उत्पादन गरि जिल्ला बाहिर निर्यात गरेको।

६. प्राविधिकहरुद्वारा कृषकहरुको समस्या पहिचान गर्न कृषकको खेत वारीमा पुगी निशुल्क सेवा प्रदान भैरहेको।

७. गाउँपालिकामा रहेका १७९२ कृषकहरुको घरधुरिमा पुगी पशुपन्छिहरुमा लाग्ने विभिन्न रोग तथा समस्या पहिचान गरि औषधी उपचार सेवा दिईरहेको ।

८. माण्डवी गाउँपालिकाको ५ वटै वडामा रहेका गाईगोरुहरुमा लाग्ने खोरेत (FMD) र भेडा/बाख्राहरुमा पि.पि.आर. रोग विरुद्ध खोप  लगाउने कार्य सम्पन्न भएको।

९. नश्ल सुधार कार्यक्रम अन्तर्गत ५०% अनुदानमा ३ वटा  सिरोहि जातको बोका वितरण कार्यक्रम सम्पन्न गरिएको ( माण्डवी गा.पा-५ -१ वटा,  माण्डवी गा.पा १-  १  वटा र माण्डवी गा.पा-३ -१ वटा )

१०. लागत साझेदारीमा  ६ वटा खोर बाख्रा खोर निर्माण गर्ने कार्य सम्पन्न भएको। ( माण्डवी गा.पा-५ रम्दीबेशी, आपचौरमा २ वटा,  माण्डवी गा.पा १ तिराम  ३  वटा, माण्डवी गा.पा-२ ढाडमा १ वटा)

११. पशु सेवा शाखाको लागि आवश्यक मेसिनरी औजार खरिद र पशुहरुमा गरिने कृत्रिम गर्भाधानको लागि आवश्यक सामाग्री खरिद गरिएको ।

१२. माण्डवी गाउँपालिका वडा नं. २ ढाड  र वडा नं. ४ उदयपुरकोटमा पशु स्वास्थ्य शिविर कार्यक्रम सम्पन्न भएको।  (२१५६ वटा भेडा/बाख्रा, २९७ गई/गोरु , ५४ वटा राँगा/भैसी र ७६५ कुखुराको उपचार गरि औषधि वितरण गरिएको, ३० वटा बोका र ३ वटा गोरुलाई स्थायी बन्ध्याकरण गरिएको,  जसबाट १७०  कृषक परिवार प्रत्यक्षरुपमा लाभान्वित भएको )

## स्वास्थ्य

१. आ.व २०८२/०८३ मा सम्पादित स्वास्थ्य कार्यक्रमको जिल्ला स्तरीय वार्षिक समिक्षामा ९ वटा स्थानीयतह मध्ये माण्डवी गाउँपालिका तृतीय स्थान हासिल गर्न सफल भएको।

२. स्वास्थ्य कार्यालय प्यूठानको आयोजना र गाउँपालिकाको समन्वयमा गणेश मा.वि तिराम र माण्डवी मा.वि नयाँगाउँका ४०४ जना  किशोरीहरुको रक्तअल्पता परिक्षण गरिएको।

३. माण्डवी गाउँपालिका भित्र रहेका १५ जना HIV संक्रमित व्यक्तिहरुलाई पोषण खर्च वापत रकम उपलब्ध गराईएको।

४. माण्डवी गाउँपालिकाको आर्थिक सहयोग र प्रस्तावित नरेन्द्र गायत्री आँखा अस्पताल बिजुवारसँगको प्राविधिक सहयोगमा ४२७ जना जेष्ठनागरिकहरुको सामान्य आखाँ जाँच गरिएको र १३ जनाको मोतियाबिन्दुको सल्यक्रिया गरिएको।

५. मृगौला डायलायसिस र क्यान्सरको उपचार गराईरहेका २५ जना बिरामीहरुलाई उपचार खर्च वापत मासिक रुपमा पाउने रु ५ हजार उपलब्ध गराईएको।

६. समुदायस्तरमा  नसर्ने रोगको १ महिने स्क्रीनिङ अभियान अन्तर्गत १५३७ जना व्यक्तिहरुको ब्लड प्रेसर जाँच, सुगर जाँच र मृगौला रोगको जाँच सम्पन गरिएको ।

७. ५ वर्ष मुनिका १०२० जना  बालबालिका र सुनौला हजार दिनका आमाहरुको  पोषण अवस्थाको लेखाजोखा गरिएकोमा ३७ जनामा कुपोषणको लक्ष्यण देखिएकोले OTC मार्फत  उपचार गरिएको।

८. बहु क्षेत्रिय पोषण कार्यक्रम अन्तर्गत माण्डवी गाउँपालिका वडा नं. २ मर्कावाङ, पुक्रुक र खुक्लिचौरका सुनौलो हजारदिनका २५ जना महिलाहरुलाई पोषण सुधार कार्यक्रम अन्तर्गत  बाख्रापालन व्यवसायका लागि अनुदान रकम हस्तान्तरण गरिएको।

९. गाउँपालिकामा संचालित माध्यमिक विद्यालयहरुका ४५७ जना विद्यार्थीहरुलाई लागु औषध दुर्व्यसन सम्बन्धी सचेतना कार्यक्रम संचालन गरिएको।

१०. गाउँपालिकाको बर्थीङ सेन्टरहरुमा सुत्केरी भएका ११७ जना सुत्केरी महिलाहरुको कुरुवाहरुलाई खानाको व्यवस्था गरिएको।

११. मानसिक स्वास्थ्य प्रवर्द्धन तथा आत्महत्या रोगथाम सम्बन्धि सचेतना कार्यक्रम वडास्तरमा सम्पन्न गरिएको।

१२. स्वास्थ्य कार्यालय प्यूठानको आयोजना र गाउँपालिकाको समन्वयमा ८० वर्ष माथिका ५६ जना जेष्ठ नागरिकहरुको घरमा गई स्वास्थ्य उपचार गरिएको।

१३. माण्डवी गाउँपालिकालाई पूर्ण खोप र पूर्ण सुरक्षित मातृत्व सेवायुक्त पालिका सुनिश्चितता तथा दिगोपना घोषणा कार्यक्रम सम्पन्न गरिएको ।

१४. कोभिड-१९ बिरुद्धको पहिलो/दोस्रो/बुष्टर र थप बुष्टर खोप अभियान संचालन गरिएको ।

१५. माण्डवी गाउँपालिकाको आयोजना र लमही आँखा अस्पतालको प्राविधिक सहयोगमा वडा स्तर स्क्रिनिङ शिबिर संचालन गरि मोतियाबिन्दु भएका ३७ जनाको निशुल्क अप्रेशन गरिएको।

१६. स्वास्थ्य संस्थाहरुका लागि आवश्यक पर्ने औषधि तथा सर्जिकल सामग्री e-bidding मार्फत बोलपत्र आव्हान गरि खरिद गरि सम्पूर्ण स्वास्थ्य संस्थामा वितरण गरिएको।

१७. गर्भवती, सुत्केरी महिला तथा दलित जेष्ठ नागरिकहरुका लागि निशुल्क एम्बुलेन्स सेवा निरन्तरता दिईएको।

१८. ५ वटै स्वास्थ्य चौकी मार्फत गर्भवती महिलाहरुका लागि भिडियो एक्सरे जाँच कार्यक्रम संचालनमा रहेको ।

१९. आर्थिक अवस्था कमजोर रहेका गाउँपालिकाका दीर्घरोगि बिरामीहरुलाई गाउँपालिकाले प्रदान गर्ने आर्थिक सहायता वापतको रकम २१ जनालाई उपलब्ध गराईएको।

२०. ०-५९ महिनासम्मका सम्पूर्ण बालबालिकाहरुलाई पहिलो र दोश्रो चरणमा भिटामिन "ए" २१७३ जना र १९२० जनालाई जुकाको औषधी सामुदायिक महिला स्वास्थ्य स्वयमसेविकाहरु मार्फत खुवाउने कार्य सम्पन्न गरिएको।

२१. स्वास्थ्य संस्थामा औषधी व्यवस्थापन तथा भण्डारणका लागि सरकारी सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) भर्सन २ सम्बन्धि स्वास्थ्यकर्मीहरुलाई अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको।

## शिक्षा

१. दश वर्षे माण्डवी गाउँपालिका शिक्षा योजना २०८२-२०९२ को निर्माण गरिएको।

२. शिक्षक क्षमता विकास तालिम अन्तर्गत सामुदायिक तथा संस्थागत विद्यालयका प्र.अ., फोकल शिक्षक, विद्यालय सहायक गरि ५६ जनालाई ICT सम्बन्धी क्षमता विकास तालिम प्रदान गरिएको।

३. सामुदायिक तथा संस्थागत विध्यालयमा अध्यापन गराउने २८ जना शिक्षकहरुलाई कक्षा १-३ को एकीकृत पाठ्यक्रम सम्बन्धी कस्टमाईज्ड तालिम प्रदान गरिएको।

४. गाउँपालिकाका स्वास्थ्य स्वयं सेविका, आमा समुहका अध्यक्ष, टोल विकास समितिका संयोजक, वि.व्य.स अध्यक्ष, बाल क्लबका अध्यक्ष, विभिन्न राजनीतिक दलका प्रतिनिधि, नागरिक समाज, कर्मचारी, बुद्धिजिबी लगायत अन्य सरोकारवाला गरि करिब २०० जनालाई आधारभूत तह अनिवार्य तथा निशुल्क शिक्षा सम्बन्धी सचेतना तथा अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको।

५. विद्यालय तथा स्थानीय स्तरीय बालिका समावेशी शिक्षा संजाल गठन गरि परिचलन गरिएको।

६. कक्षा ६ -८ स्थानीय पाठ्यक्रम अधावधिक तथा परिमार्जन र कक्षा ५-८ को पाठ्यपस्तक लेखन कार्य सम्पन्न गरिएको ।

७. विद्यालयको तथ्याङ्क सत्यापनका लागि,विद्यालयको अनुगमन तथा सुपरीवेक्षण गरी सल्लाह सुझाव आदान प्रदान कार्यक्रम ।

८. सिकाई उपलब्धि वृद्धिकालागि कक्षा ८ र कक्षा १० का विद्यार्थीहरुलाई विद्यालयमा आवासीय पठनपाठनको व्यवस्था गरिएको ।

९. प्रधानाध्यापक र शिक्षकसँग शिक्षण सुधार सम्झौता गरिएको ।

१०. माध्यमिक शिक्षा SEE २०८२ को नतिजा समिक्षा गरी योजना निर्माण गरिएको ।

११. विद्यालयमा हुने सम्पूर्ण परीक्षा गाउँपालिकास्तरमा सञ्चालन गरेको ।

१२. विद्यालयमा अध्ययनरत छात्राहरुका लागि सेनिटरी प्याड खरिदका गरि वितरण गरिएको ।

१३. नियमित गाउँ शिक्षा समिति बैठक,प्रधानाध्यापक बैठक बसी शैक्षिक असल अभ्यास ,अनुभव अदानप्रदान र योजना निर्माण गरिएको ।

१४. विद्यालय तथा सामुदायिक सिकाइ केन्द्र मार्फत विद्यालय बाहिर रहेका बालबालिकाको पहिचान गरि विद्यालयमा भर्ना गरिएको ।

## भौतिक पूर्वाधार तथा भवन नियमन

१. संघीय समपुरक अनुदान अन्तर्गतको “नयाँगाउँ आपचौर उदयपुरकोट जोड्ने बाटो स्तरउन्नति“ योजना असार मसान्त सम्म ५० % कार्य सम्पन्न भएको र हाल निर्माणाधीन अवस्थामा रहेको ।

२. संघीय विशेष अनुदान अन्तर्गतको " माडीनदि, अरङखोला, दक्सुनेपेदी, माडीदोभानसम्म नदि नियन्त्रण योजना” निर्माण कार्य सम्पन्न भएको ।

३. नेपाल सरकार शसर्त अनुदान अन्तर्गतको योजना "गणेश आ.वि ढिकावनमा चार कोठे भवन निर्माण" निर्माण कार्य सम्पन्न भएको ।

४. प्रदेश सरकार विशेष अनुदान अन्तर्गतको योजना "यज्ञश्वरी आ.वि चारकोठे विद्यालय निर्माण" निर्माण कार्य सम्पन्न भएको ।

५. प्रदेश समपुरक अन्तर्गतको “आपचौर धनचौर उदयपुरकोट सडक स्तरउन्नति“ योजना असार मसान्त सम्म ५० % कार्य सम्पन्न भएको र हाल निर्माणाधीन अवस्थामा रहेको ।

६. गाउँपालिकाको बहुबर्षीय योजना अन्तर्गतको "दोबाटा रातापानी मुर्कुटी सडक स्तरउन्नति" योजना निर्माणाधीन अवस्थामा रहेको ।

७. गाउँपालिकाको बहुबर्षीय योजना अन्तर्गतको "लामाचौर देखि मार्सीबाङ खेलकुद मैदान जाने बाटो स्तरउन्नति "योजना निर्माणाधीन अवस्थामा रहेको ।

८. सडक निर्माण अन्तर्गत कोन्द्राचौर ढिकावन आपचौर मुक्चौर सडक स्तरउन्नति निर्माण कार्य सम्पन्न भएको ।

९. डाम्रीखोला गणेश मा.वि रातापानी हुदै मुर्कुटी जोड्ने बाटो निर्माण कार्य सम्पन्न भएको ।

१०. प्रदेश सरकार ससर्त अनुदान अन्तर्गतको योजना "जसपुर बेसी धनचौर सडक माण्डवि ३ र ४" निर्माण कार्य सम्पन्न भएको ।

११. प्रदेश सरकार ससर्त अनुदान अन्तर्गतको योजनाहरु क्रमशः बेलीपोखरी डाँडा हुदै पाङबाङ सडक माण्डवी २ ,थक्लेनि बजार हुँदै गाउँजोड्ने सडक निर्माण माण्डवी १ , बुँके डाँडा डुङ्डुङ्गे बागीश्वरी मा.वि जोड्ने सडक स्तरउन्नति माण्डवी ५, ढिकावन बगैँचादेखि साउनेपानी खोला भन्जयाङ खोला सडक संरक्षण माण्डवी २ ,झाङबाङ खोला भित्र तापखोलामा सिचाई योजना माण्डबि ३, मार्सीबाङ लिफ्ट खानेपानी योजना निर्माण कार्य सम्पन्न भएको ।

१२. संघीय ससर्त अनुदान अन्तर्गत रहेको ज्यामुरे बालुवा झोलुङ्गे पुल निर्माण योजना असार मसान्त सम्म ६० % कार्य सम्पन्न भएको र हाल निर्माणाधीन अवस्थामा रहेको ।

१३. माण्डवी गाउँपालिका वडा नं. १ को बडेचौर , कोन्द्राचौर बस्ति र वडा नं. २ को ढिकावन बस्तिमा आवजावत सहजताका लागि खुक्लिखोलामा १७ मिटरको फलामे ट्रस पुल निर्माण गरिएको।

१४. माण्डवी गाउँपालिका वडा नं. १ त्रिवेणीमा शहिद गेट निर्माण सम्पन्न गरिएको।

१५. माण्डवी गाउँपालिका वडा नं. ३ मा संचालित आपचौर अधुरो लिफ्ट खानेपानी योजना निर्माण अन्तर्गत ९४ वटा एक घर एक धारा निर्माण कार्य सम्पन्न गरिएको।

१६. माण्डवी गाउँपालिका वडा नं. ५ मा संचालित रम्दीबेशी लिफ्ट खानेपानी अधुरो योजना निर्माण अन्तर्गत २५ वटा एक घर एक धारा निर्माण र ८०० मिटर ४० एम.एम एच.डी.पी पाईप खरिद कार्य सम्पन्न गरिएको

## महिला,बालबालिका तथा सामाजिक समावेशीकरण

१. जेष्ठ नागरिक लक्षित कार्यक्रम अन्तर्गत ५ वटै वडाका ८० वर्ष माथिका १३६ जना जेष्ठ नागरिक सम्मान कार्यक्रम सम्पन्न गरिएको।

२. गाउँपालिकाका अपाङ्गता भएका १० जना व्यक्तिहरुलाई अपाङ्ग सहायता सामाग्रीहरु (ह्विलचियर, बैशाखी, Blind stick) वितरण गरिएको ।

३. माण्डवी गा.पा वडा नं. २ पुक्रुकमा गठन भएको ज्यौलाशु र लालीगुराँस पन्चेबाजा समुहलाई पन्चेबाज सामग्री खरिद गरि हस्तान्तरण गरिएको।

४. गाउँपालिकाका ५ वटै वडाका २५ जना महिलाहरुलाई महिला उद्धोषण कला तालिम प्रदान गरिएको।

५. गाउँपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयहरूमा अध्ययनरत बालबालिकाहरूलाई बालबिवाह न्यूनीकरण र सुरक्षित स्पर्श (Safe Touch & Unsafe Touch) सम्बन्धी सचेतना प्रदान गरी उनीहरूको शारीरिक तथा मानसिक सुरक्षा सुनिश्चित गर्ने उद्देश्यले "बालबिवाह न्यूनीकरण तथा सुरक्षित स्पर्श (Safe Touch) सम्बन्धी अभिमुखीकरण तथा जनचेतनामुलक कार्यक्रम" सम्पन्न गरिएको ।

६. गाउँपालिका क्षेत्रभित्रका किशोर-किशोरी तथा महिलाहरूलाई इन्टरनेट र सामाजिक सञ्जालको बढ्दो प्रयोगसँगै सिर्जना भएका जोखिमहरूबाट बच्न, साइबर अपराध न्यूनीकरण गर्न र प्रविधिको सुरक्षित प्रयोगबारे सचेतना जगाउने उद्देश्यले " साईबर सुरक्षा र सुरक्षित इन्टरनेटको प्रयोग सम्बन्धि सचेतनामुलक कार्यक्रम " सम्पन्न गरिएको ।

७. गाउँपालिका क्षेत्रभित्रका माध्यमिक विद्यालयहरूमा ९ र १० मा अध्ययनरत ३७५ जना विद्यार्थीहरुलाई कानुनी साक्षरता सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको।

८. गाउँपालिकाका ५ वटै वडाका २५ जना बाल संजालका पदाधिकारीहरुलाई बाल अधिकार सम्बन्धी २ दिने अभिमुखीकरण कार्यक्रम संचालन गरिएको।

९. आ.व २०८२/०८३ मा “क” बर्गको २ जना , “ख” बर्ग ३ जना र “ग” बर्ग १ जना गरि जम्मा ६ जनालाई अपाङ्ग परिचयपत्र वितरण गरिएको।

१०. गाउँपालिका स्तरीय जेष्ठ नागरिक संजाल, अपाङ्ग संजालको पहिलो चौमासिक बैठक सम्पन्न गरिएको।

११. लैंगिक हिंसा विरुद्दको १६ दिने अभियानको अवसरमा गाउँपालिका र वडा कार्यालयमा लैंगिक हिंसा सम्वन्धी अभिमुखीकरण कार्यक्रम गरी सम्पन्न गरिएको ।

१२. गाउँपालिकामा संचालित प्रतिवद्ध ३ परियोजनाको संयुक्त सहकार्यमा गाउँपालिका स्तरीय अपाङ्ग संजाललाई विपद व्यवस्थापन सम्बन्धी १ दिने अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको।

## प्रधानमन्त्री रोजगार कार्यक्रम

१.आर्थिक वर्ष २०८३/०८४ मा बेरोजगार व्यक्तिको सूचीमा सुचिकृत हुन निवेदन दिएका ३१० जना व्यक्तिहरुलाई प्रणालीमा प्रविष्ट गर्ने कार्य सम्पन्न भएको।

२. नेपाल सरकार र गाउँपालिकाको साझेदारीमा ५ वटा वडामा संचालित १० वटा योजनाहरुको प्राविधिक नापजाच र ईस्टिमेट अनुसार कार्यसम्पन्न भएको।

३.विभिन्न १० वटा योजनामा संलग्न जम्मा ७० जना वेरोजगार व्यक्तिहरुको पारिश्रमिक सम्बन्धित व्यक्तिको बैक खाता मार्फत भुक्तानि गरिएको।

४. राष्ट्रिय रोजगार प्रवर्दन कार्यक्रम अन्तरगतको "रोजगार संवाद मञ्च" सम्वन्धि १ दिने अन्तरक्रिया तथा अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको।

५. वैदेशिक रोजगारबाट फर्केका व्यक्तिहरुलाई २ दिने उद्यमशिलता प्रवर्द्धन कार्यक्रम सपन्न भएको।

६.विभिन्न मुलुकमा वैदेशिक रोजगारीमा जाने व्यक्ति हरुको पुनःश्रम स्विकृति र श्रम स्विकृति गरी चैत देखि जम्मा २६ जना व्यक्ति हरुलाई श्रम स्विकृति प्रदान गरीएको ।

## गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम –मेड्पा

१. उद्यम विकासका लागि सामाजिक परिचालन अन्तर्गतका कार्यहरु।
   - उद्यम विकास समितिको बैठक सम्पन्न गरीएको ।
   - अभिमुखिकरण कार्यक्रम सम्पन्न गरीएको ।
   - बस्ती छनोट कार्यक्रम सम्पन्न गरीएको ।
   - लघु उद्यम विकास कार्यक्रमको मोडेल अनुसार पहिलो चरणको कार्यक्रमहरु : सहभागितात्मक ग्रामीण लेखाजोखा कार्यक्रम , घरधुरी सर्वेक्षण , समुह गठन कार्यक्रम सम्पन्न गरीएको ।

२. दोस्रो चरणको उद्यमशीलता विकास तालिम कार्यक्रम सम्पन्न गरीएको ।

३. स्तरोन्नती तर्फको कार्यक्रम अन्तर्गत "उनी तथा ढाका बुनाई सम्बन्धी २० दिने पुर्नताजगी तालिम" सम्पन्न भएको छ। साथै इन्टरलक मेसिन र सिलाई मेसिन हस्तान्तरण गरीएको ।

४. .प्राविधिक सीप विकास तालिम अन्तर्गत "बुकि फुल बनाउने सम्बन्धी १५ दिने सीप विकास तालिम" र "पञ्चेबाजा बजाउने सम्बन्धी २५ दिने सीप विकास तालिम" सम्पन्न भएको।

५. उपयुक्त प्रविधि हस्तान्तरण सम्बन्धी कार्यक्रम अन्तर्गत कालीखोला महिला पञ्चेबाजा समुहलाई १ सेट बाजा हस्तान्तरण गरिएको

६. लघु वित्तमा पहुँच सम्बन्धी एक दिने अन्तरक्रिया कार्यक्रम सम्पन्न गरीएको।

## वन, बातावरण तथा विपद व्यवस्थापन

१. माण्डवी गाउँपालिकासँगको समन्वय र सहकार्यमा संचालित प्रतिवद्ध ३ परियोजना मार्फत यस गाउँपालिकामा आ.व २०८२/०८३ को तेश्रो चौमासिकमा सम्पन्न भएका विपद व्यवस्थापन सम्बन्धी भएका क्रियाकलापहरु तपसिल बमोजिम रहेका छन्।

क) डेक्स नमनू घटना अभ्यास कार्यक्रम
ख) जिल्ला स्तरीय परियोजना समिक्षा बैठक
ग) समुदाय स्तरीय नमुना घटना अभ्यास
घ) स्थानीय तहमा विपद जोखिम  बीमा सम्बन्धी  कायिशाला
ङ) विपद प्रभावित निजि आवास प्रलिकरण, पुनर्निर्माण तथा पुनर्स्थापना प्रक्रियामा MIS प्रणाली र KOBO विधि सम्बन्धी अभिमुखीकरण कार्यक्रम
च) विपद पुर्वतयारी तथा प्रतिकार्य योजना अद्यावधिकका लागि विषयगत क्षेत्र बैठक
छ) टोल विकास संस्थको  नियमित बैठक
ज) समुदायमा पुर्व तयारी योजना कार्यान्वयनमा सहजीकरण
झ) विपदको सवालमा आमा समुहको बैठक
ञ) भौगभिक अध्ययनको प्रतिवेदन तथा विपद पोर्टल मोड्युलमा छलफल
ट) विपद पुर्वतयारी तथा प्रतिकार्य योजना अन्तिम मस्यौदा तयारी कार्यशाला
ठ) बायोइन्जीनियरिङ कार्य कार्यान्वयन
ड) आपतकालीन कार्य संचालन केन्द्रका लागि सामग्री हस्तान्तरण

२. स्थानीय विपद् पूर्वतयारीलाई अझ सुदृढ बनाउन तथा आपत्कालीन र जलवायुजन्य विपद्का समयमा छिटो, प्रभावकारी र व्यवस्थित प्रतिकार्य सुनिश्चित गर्ने उद्देश्यले माण्डवी गाउँपालिकामा १४० गैह्र खाद्य राहत सामग्री (Non-Food Relief Items), २० वटा गोदाम प्यालेट, २६ वटा पारिवारिक टेन्ट, १४० थान मर्यादा (Dignity) किट 'प्रतिबद्ध' परियोजनावाट हस्तान्तरण गरिएको।

३. माण्डवी गाउँपालिकासँगको समन्वय र सहकार्यमा संचालित जनताको लागि उर्जा तथा वातावरण विकास संस्था- पिडाद्वारा  प्यूठान जिल्लामा जलवायु कार्यहरुको स्थानीयकरण- LoCAP परियोजना मार्फत यस गाउँपालिकामा आ.व २०८२/०८३ सम्पन्न भएका क्रियाकलापहरु तपसिल बमोजिम रहेका छन्।

क) माण्डवी गाउपालिकाको ५ वटा माध्यमिक विद्यालयको शिक्षकहरुलाई २ दिनको जलवायु परिवर्तन विद्यालय शिक्षा कार्यक्रमः शिक्षकहरुका लागि अभिमुखिकरण तालिम सम्पन्न भएको।
ख) वडा नं १,२ र ४ मा एक दिनको जलवायु परिवर्तन र विपद् जोखिम न्यूनीकरण योजना स्थानीय विकास योजनमा समायोजन कार्यशाला गोष्ठी सम्पन्न भएको।
ग) माण्डवी गाउँपालिकामा जलवायु अनुकुलन योजना निर्माण भएको जसमा समुदाय स्तरमा संकटासन्नता क्षमता विश्लेषण, वडा स्तरमा योजना निर्माण र पालिका स्तरमा योजनाहरुको छलफल गरी यसलाई अनुमोदन गरिएको।
घ) कृषक समूहहरू गठन तथा परिचालन अन्तर्गत वडा १: ५ वटा कृषक समूह गठन, वडा २: ६ वटा कृषक समूह गठन, वडा ४: ६ वटा कृषक समूह गठन गरिएको।
ङ) १७ वटा कृषक समुहहरुमा समूह व्यवस्थापन र लेखा अभिलेख व्यवस्थापन तालिम सम्पन्न भएको।

च) १७ वटा कृषक समुहहरुमा समूहहरुमा समुहिक तरकारी नर्सरी स्थापना गरी तरकारी खेति तालिम सम्पन्न गरीएको र समुहले तरकारी समेत फलाउन सुरु भएको ।

छ) १७ वटा कृषक समुहहरुमा समूह मा IPM तालिमका साथै कृषकहरुलाई आवश्यक सामग्रीहरुः पहेलो च्याप च्यापे पासो, क्युलियर, फ्रुट फ्लाई लियुर, टुटा ल्युर, मालाथिन, कटन र सिरसन्ज र पहेलो बट्टा वितरण गरिएको  ।

ज) सबै कृषक समहुबाट २ जना गरी रोल्पाको रुम्टीगडी गाँउपालिकाको कृषक समुहहरुमा अवलोकन भ्रमण सम्पन्न गरेको ।

झ) ३ जना महिला जलवायु अभियान्ता हरुलाई RECAP परियोजनाबाट ४ दिनको Foundational knowledge on Climate Change and gener dimension तालिममा सहभागि भएको ।

ञ) विश्व वातावरण दिवशको अवसरमा  जलवायु अभियान्ताहरु सहभागी भएको जसमा १ जना प्यानल छलफलको अन्तरक्रियमा सहभागि भई स्थानीय स्तरमा जलवायुको असर र प्रभावको विषयमा सहजिकरण गरेको ।

ट) सबै कृषक समूहहरुमा उन्नत जातको तरकारीका विउहरुः गोलभेडा, करेला, काक्रो, लौका, खुर्सानी, जुकीनी, भन्टा र भेडे खुर्सानी सहयोग गरेको ।

ठ) ठाउँ अनुसारको जलवायु मैत्री प्रविधीमा २६ धरधुरीहरुलाई टनेल र ७८ घरधुरीहरुले मल्चिङ्ड सहयोग प्राप्त भएको ।

ड) भुमेथान कृषक समुह माण्डवी १ मा सुन्तला र सल्लीखर्क माण्डवी २ मा अदुवाको पकेट क्षेत्र स्थापनाको लागि विउ र विरुवा सहयोग ।

ढ)  गाउँपालिकाको वडा न १,२ र ४ मा विपद सामाग्री सेट सहयोग गरेको ।

ण) यस गाउँपालिकाको विद्यालय र समुहहरुमा फलफुल र रुखको विरुवाहरु वितरण गरेको ।

त) १०९ घरधुरीमा विधुतिय चुलो सहयोग जसमा आवश्यक घरधुरीहरुको विद्युतिय क्षमाता वृद्धी र भाडाकुडाः कराई, कुकर र ताप्के वितरण गरेको ।

थ) माण्डवी गाउँपालिका वडा नं. २ धनचौरमा  वायोईन्जिनीयरीङ सम्बन्धी कार्य सम्पन्न भएको ।

४. माण्डवी गाउँपालिका मिति २०७९ असोज महिनामा आएको बाढी पहिरोबाट क्षतिग्रस्त भएका  माण्डवी गाउँपालिका वडा नं. १ र २ का पुनर्स्थापनाका लागि छनौट भएका ३६ घर परिवारलाई आवश्यक मापदण्ड निर्माण गरि  जीविकोपार्जनका लागि  रु. १६ लाख ६० हजार आर्थिक सहायता प्रदान गरिएको ।

## सामाजिक सुरक्षा तथा पंजीकरण

### आ.व २०८२/०८३  मासामाजिक सुरक्षा भत्ता वितरण

| वर्ग | प्रथम त्रैमासिकमा बितरण संख्या | दोश्रो त्रैमासिकमा बितरण संख्या | तेश्रो त्रैमासिकमा बितरण संख्या | चौथो त्रैमासिकमा बितरण संख्या | वितरण गरिएको कुल रकम रु. |
|---|---|---|---|---|---|
| अन्य जेष्ठ नागरिक भत्ता | ७५७ | ७४८ | ७३३ | ७२१ | ३,५२,७१,४५३ |
| जेष्ठ नागरिक भत्ता (दलित) | १२६ | १२९ | १३६ | १३९ | ४१,६९,३६७ |
| जेष्ठ नागरिक एकल महिला | १६२ | १७८ | १७६ | १७५ | ५४,८४,७८१ |
| विधवा (आर्थिक सहायता) | २८० | २७० | २८० | २८५ | ८८,३९,३१२ |
| अपाङ्ग (क बर्ग) | २२ | २२ | २१ | २२ | १०,२९,६२२ |
| अपाङ्ग  ख बर्ग (आर्थिक सहायता) | ९० | ९० | ९० | ९० | २२,८९,७२८ |
| दलित बालबालिका (बाल पोषण भत्ता) | २३५ | २३४ | २२७ | २२५ | १३,९५,६६७ |
| **जम्मा** | **१६७२** | **१६७१** | **१६६३** | **१६५७** | **५,८४,७९,८६०** |

माण्डवी गाउँपालिका सामाजिक सुरक्षा भत्ता बैंकिङ प्रणाली मार्फत वितरण भईरहको, गाउँपालिका र बैंकको समन्वयमा लाभग्राहीहरुको सहजताको लागि सम्बन्धित वडाको पायक पर्ने ठाउमा गई सुरक्षाकर्मीको निगरानीमा बैंक तथा व्यक्तिगत घटना शाखा हेर्ने कर्मचारी उपस्थित भई सामाजिक सुरक्षा भत्ता वितरण गरिएको छ। यसबाट धैरै सामाजिक सुरक्षा भत्ता लाभग्राही लाभान्वित भएका छन्।

**व्यक्तिगत घटना दर्ताको सन्क्षिप्त प्रतिवेदन**

**जिल्ला :** प्युठान **गा.पा/न.पा. :** माण्डवी **दर्ता मिति देखि :** २०८२-०४-०१ **दर्ता मिति सम्म :** २०८३-०३-३२

| वडा नं. | जन्म | | | मृत्यु | | | सम्बन्ध बिच्छेद | विवाह | बसाई सरी आएको | | बसाई सरी जाने | | बेवारिसे | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरूष | महिला | जम्मा | पुरूष | महिला | जम्मा | जम्मा | जम्मा | दर्ता संख्या | सदस्यको संख्या | दर्ता संख्या | सदस्यको संख्या | जम्मा | जम्मा |
| १ | ४४ | ३६ | ८० | ११ | ९ | २० | ५ | ४४ | २ | ८ | ६ | १८ | | १५७ |
| २ | ६४ | ४६ | ११० | १३ | ११ | २४ | ७ | ३७ | ३ | १८ | ९ | ३६ | | १९० |
| ३ | ४३ | ३४ | ७७ | १३ | ७ | २० | ४ | ३५ | १ | ५ | ५ | १४ | | १४२ |
| ४ | ३७ | ३३ | ७० | १३ | ८ | २१ | ७ | ३० | २ | ६ | १० | ४६ | | १४० |
| ५ | ४२ | ३० | ७२ | १३ | ११ | २४ | ६ | ३० | | | ७ | २६ | | १३९ |
| **जम्मा** | २३० | १७९ | ४०९ | ६३ | ४६ | १०९ | २९ | १७६ | ८ | ३७ | ३७ | १४० | ० | ७६८ |

## न्यायिक कार्य सम्पादन

१. स्थानीय स्तरमा उत्पन्न भएको विवाद स्थानीय स्तरमै समाधान गर्ने उदेश्यले प्रचलित कानून बमोजिम गठन भएको स्थानीय न्यायिक समितिमा आ.व २०८२/०८३ मा ७ वटा निवेदन परेकोमा ५ वटा फछ्यौंट भईसकेको र २ फछ्यौंट हुने बाँकि रहेको ।

२. स्थानीय न्यायिक समितिमा दर्ता हुन आएका विवादहरू किनारा लगाउने क्रममा नियमित रुपमा न्यायिक समितिको बैठक सञ्चालन गरिएको छ।

## योजनाहरुको कार्यान्वयन तह/क्षेत्र

| विवरण | योजना संख्या |
|---|---|
| गा.पा. स्तरीय | २० |
| **वडा स्तरीय** | |
| वडा नं. १ | २२ |
| वडा नं. २ | १७ |
| वडा नं. ३ | २८ |
| वडा नं. ४ | २२ |
| वडा नं. ५ | १५ |
| **जम्मा वडास्तरीय** | १०४ |
| **कुल जम्मा** | १२४ |

**वडा कार्यालयबाट हुने नागरिकता सिफारिस**

| वडा अनुसारको विवरण | वडा नं. १ | वडा नं. २ | वडा नं. ३ | वडा नं. ४ | वडा नं. ५ | कुल जम्मा |
|---|---|---|---|---|---|---|
| नयाँ नागरिकता सिफारिस (सिफारिस प्रणाली अनुसार) | १३८ | १५३ | १३६ | १३२ | ९१ | ६५० |

## समस्या तथा चुनौतीहरु

१. गत भदौ २३ र २४ गते नव-युवा पुस्ताको आन्दोलन पछि राष्ट्रिय रुपमा अर्थतन्त्रमा आएको नकारात्मक प्रभावले योजना तथा कार्यक्रम कार्यन्वयनमा अन्योलता हुँदा समयमै योजना तथा कार्यक्रम संचालनमा बिलम्बता ।
२. आन्तरिक आय न्यून हुनु, स्रोत साधन परिचालन विनियोजन र विकासको प्रतिफलको सन्तुलित एवं समानुपातिक वितरण नहुनु
३. समयमा आवश्यक कानुहरू निर्माण नहुँदा कार्य सञ्चालन गर्न व्यवधान रहेको/आवश्यक कानुनहरूको अभावमा क्षेत्राधिकारको अस्पष्टता र अन्यौलता, नीतिगत अस्पष्टता र कतिपय कानुनहरू संघ, प्रदेश, स्थानीय तहबीच बाझिनु।
४. विकासको लागि पर्याप्त बजेटको अभाव, कर्मचारी अभाव, उपलब्ध बजेट समयमा निकासा नहुनु, अनुदान रकम घटेर आउनु, टुक्रे योजना कार्यक्रमका कारण स्रोत साधनको सही सदुपयोग नहुनु।
५. नागरिक समाज लगायत सरोकारवालाको भूमिका रचनात्मक नभई प्रतिक्रियात्मक बढी हुनु , Negative Advocacy बढी हुनु, सरकारले गरेका राम्रा कामहरु प्रचार प्रसार गर्न नसकिएको।
६. उपभोक्ता समितिले अपनत्व नलिदा समग्र जनताको सक्रिय सहभागिता जुटाउन कठिनाई ।
७. बेरुजुलाई हल्का रुपमा लिने प्रवृतिले सम्परिक्षण र फछर्यौटमा कठिनाई।

धन्यवाद !

भुवन कुमार शाही
प्रमुख प्रशासकीय अधिकृत

आज मिति २०८३ साल भाद्र महिनाको १८ गतेका दिन मांडवी गाउँपालिका वडा नं. ५ को परिसरमा मांडवी गाउँपालिका अध्यक्ष श्री नमराज अधिकारीज्यूको अध्यक्षतामा यस गाउँपालिकाको आर्थिक वर्ष २०८२।०८३ को तेस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम निम्नानुसार गरी सम्पन्न गरियो। जसमा तपसिल बमोजिमको उपस्थिति रहयो।

तपसिल:

१. श्री नमराज अधिकारी - अध्यक्ष - मांडवी गाउँपालिका प्युठान।
२. श्री पूर्ण प्रसाद कालाखेती - उपाध्यक्ष - " " "
३. श्री भुवन कुमार शाही - प्रमुख प्रशासकीय अधिकृत " " "
४. श्री राम बहादुर बुढा - १ नं. वडा अध्यक्ष " " "
५. श्री प्रकाश बली - २ " " " " "
६. श्री धनेन्द्र कार्की - ३ " " " " "
७. श्री डिल बहादुर घर्तिमगर ४ " " " " "
८. श्री दुर्गा प्रसाद आचार्य - ५ " " " " "
९. श्री कमला खड्का - वडा सदस्य " " "
१०. श्री पूर्णबहादुर खड्का - " " " " "
११. श्री यम बहादुर पुन - " " " " "
१२. श्री दिपक सुनार - डिभिजन इन्जिनियर - सब डिभिजन
१३ श्री बालिका खड्का
१४. श्रीमती माधवा खड्का
१५. श्रीमती लक्ष्मी जि.सी.
१६. श्रीमती रमेश ब. खड्का
१७. श्रीमती हेमराज पुन
१८. श्रीमती ललित जंग मल्ल
१९. श्रीमती ईश्वर आचार्य
२०. श्रीमती रोपाराम आचार्य
२१. श्री मोहन सुवेदी PEEDA/LOCAP/FC
२२. श्री रामचन्द्र पौडेल उपाध्यक्ष प्युठान उद्योग संघ
२३ श्री ईश्वर बा. पौडेल
२४ श्री अर्जुन सिंह मल्ल इकाई प्रमुख वडा ५
२५. श्री कोम बहादुर सुनार
२६. श्रीमती रविना कु. मल्ल

२९. आशाराम थारु बेस संस्था
३०. श्म रेशम मल्ल
३१. हेमराज अधिकारी — अध्यक्ष नेकपा (एमाले) माण्डवी गाउँ
३२. गिर बहादुर नेपाली - [illegible] " "
३३. मित्रमणि पौडेल - प्र.ले.अ. माण्डवी गा.पा.
३४. दाम बहादुर कार्की - पोषण सहजकर्ता " "
३५ गिर बहादुर धामी - सामुदायिक विद्यालय (KLDS)
३६ शेर ब० बुढाथोकी - प्रहरी चौकी देविस्थान
३७ हरि नारायण श्रेष्ठ - पुरवल पावर कम्पनी लि.
३८. सोजन डाँगी अस्थायी प्रहरी पोष्ट चकचके (जलपुर)
३९. नारायण श्रेष्ठ सि.अ.ई.व.अ. माण्डवी गाउँपा०
४०. कमल योगी सब इन्जिनियर माण्डवी गा.पा.
४१. रुक बहादुर अधिकारी माण्डवी गा.पा.
४२. समिक्षा पौडेल - रोजगार संयोजक - माण्डवी गा.पा
४३ सिता कुमारी खत्री [illegible] " "
४४ रमा अधिकारी सब इन्जिनियर माण्डवी गा.पा.
४५. तुल्सी कार्की सहायक शिक्षा अधिकृत माण्डवी गाउँपालिका
४६ अनिल अधिकारी सूचना प्रविधि अधिकृत माण्डवी गा.पा
४७. विजय आचार्य सहायक प्रशासन माण्डवी गा.पा.
४८. विवेक अधिकारी वडा सचिव माण्डवी गा.पा.-४
४९. सनत के.सी. कृषि स्नातक प्राविधिक मा.गा.पा.
५० बालराम भण्डारी पशु प्राविधिक
५१. माधव पौडेल ह.स्वा.स. माण्डवी गा.पा.
५२. प्रदिप के क्षेत्री [illegible]
५३. कौशल अधिकारी [illegible]
५४. दिनेश सुवेदी ह.प्र.पा.
५५ विशाल खड्का का.स.
५६ तुफान अधिकारी - माण्डवी गा.पा
५७ लोक राज थापा सब इन्जिनियर / शाखा प्रमुख
५८ माधव के सी स.ले.अ माण्डवी गा.पा.
५९. बलराम पौडेल वरिष्ठ प्रशासकीय अधिकृत माण्डवी गा.पा.
६० खिम बहादुर थापा (MCS अपरेटर) माण्डवी गाउँपालिका

६१. लव कुमार अधिकारी — माण्डवी-३ — संस्थाकर्मी
अधिकारी

,, स्वास्थ्य कर्मचारी

६२. वासुदेव कुमाल

६३. आशिष पौडेल माण्डवी-५ सब-इन्जिनियर

६४. अञ्जुपराज पाण्डे ऐरावती-६ — संस्थाकर्मी

६५. मदन मल्ल माण्डवी-०५ कार्यालय सहयोगी

६६ ईश्वर सिंह ठकुरी [illegible] जि.प्रा.प्र. कार्यालय प्युठान

६७- [illegible] प्रसाद न्यौपाने [illegible] जिल्ला प्रहरी प्युठान




आ.व. २०८२/०८३ को तेस्रो चौमासीक
सार्वजनिक सुनुवाई कार्यक्रम